प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# लुम्बिनी प्रदेश

बुटवल, रुपन्देही

## डिप्लोमा / प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहको बर्गिकृत (निःशुल्क) छात्रवृत्ति तर्फको लागि आवेदन फारम भरेका प्रशिक्षार्थीहरुको नतीजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मितिः२०७८।०६।१०**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०७८।०४।३० गते र २०७८।०५।१९ गते डिप्लोमा/ प्रमाण पत्र तह तथा २०७८।०५।०२ र २०७८।०५।१९ गते प्रि-डिप्लोमा तहको शैक्षिक शत्र २०७८/०७९ का लागि गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनानुसार डिप्लोमा / प्रमाण पत्र तह तथा प्रि-डिप्लोमा तहको वर्गिकृत (निःशुल्क) छात्रवृत्तिको लागि आवेदन फारम भरेका आवेदकहरु मध्येवाट परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको **"डिप्लोमा/प्रमाण पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४(चौथो संशोधन२०७८)"तथा"प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७७(पहिलो संशोधन २०७८)"**तथा सूचनामा उल्लेख भए बमोजिम वरियताक्रमको आधारमा नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकरीका लागि यो सूचना प्रकाशित गरिएको छ ।मुख्य सफल प्रशिक्षार्थीहरुले मिति २०७८/०६/२४ गते सम्म कार्यालय समय भित्र तोकिएको शिक्षण संस्थामा आफ्नो शैक्षिक योग्यता, नागरिकता वा जन्म दर्ता, छनौट भएको लक्षित वर्गको सक्कल प्रमाण पत्रहरु र Online फारम भर्दा प्राप्त भएको अनुमति पत्र सहित सिफारिस गरिएका शिक्षण संस्थामा भर्ना भई सक्नु पर्नेछ । सम्बन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम प्रशिक्षार्थीहरुले पेश गरेका प्रमाण पत्रहरु रुजु गरी भर्ना गर्न/गराउन हुन अनुरोध छ ।साथै तोकिएको मितिभित्र प्रशिक्षार्थीहरु भर्ना हुन नआई कुनै सिट रिक्त रहेमा भर्ना हुन नआएका प्रशिक्षार्थीको नाम, अनुमति नं.,लक्षित वर्ग समुह तथा रिक्त कोटा सहित उल्लेख गरी भर्ना म्याद सकिएको ३ दिनभित्र यस प्रदेश कार्यालयको ई-मेलठेगाना : exam.ctevtp5@gmail.com मा पत्र मार्फत जानकारी गराउनुको साथै सोको वोद्यार्थ परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी ,भक्तपुरमा समेत पठाउन हुन अनुरोध छ । नतिजा परिषद् कार्यालयको वेभ साईट : www.ctevt.org.npतथा परिषद् लुम्बिनी प्रदेशको वेभ साईट : www.ctevtp5.org.np मा हेर्न हुन अनुरोध छ ।

निर्देशक